# प्रज्ञप्ती संक्षेप

## प्रज्ञप्ती संक्षेप के हो ?

स्ट्रिम प्रज्ञप्ती संक्षेपहरु स्थानीय तहमा काम गर्दाको अनुभव वा अनुसन्धानबाट प्राप्त उपयोगी पाठहरु एक आपसमा आदन प्रदान गर्न तयार गरिएको संक्षिप्त रुप हो । तिनीहरु छोटा र नीतिगत मुद्दाहरुलाई दर्शाउने खालका छन् ।

यिनीहरु छिटो पढ्न र बुझ्न सकिने गरी मुख्य मुद्दाहरुलाई प्राथमिकता दिएर तयार गरिएका छन् । यिनीहरुमा बढी जानकारी चाहिएमा यससंग सम्बन्धित विषयहरु कहाँ पाइन्छन् भन्ने कुरा पनि उल्लेख गरिएका छन् । यिनीहरुले गर्दा गरीब मानिसहरु, जसको जीविकोपार्जन जलचर श्रोतहरुमा आधारित छ, लाई सहयोग पुग्ने गरी मानिसहरु, संस्थाहरु र नीति निर्माताहरुलाई नयाँ किसिमले काम गर्ने तौर तरीकाहरुको ज्ञान मिल्दछ ।

## यि कसका लागि हुन्?

प्रज्ञप्ती संक्षेपहरु निम्न समूहहरुले उपयोग गर्न सक्छन् :

- नीति निर्माताहरु
- नीति कार्यन्वयनकर्ताहरु
- समुदाय संगठकहरु
- गैहसरकारी संस्थाहरु
- सरकारी निकायहरु
- दाताहरु
- अन्य जसले यी सामाग्रीहरु आफूलाई उपयोगी महसुस गर्दछन्

## कसले बनाउन सक्छन् ?

प्रज्ञप्ती संक्षेपहरु आफूले हासिल गरेको उपयोगी पाठहरुलाई आपसमा बाँड्न कृषकहरु, मछुवारहरु, तिनीहरुसंग काम गर्नेहरु र विशेषज्ञहरुले तयार गर्न सक्दछन् । यो कार्यको लागि स्ट्रिमले सहयोग गर्न सक्छ । यसमा स्ट्रिमले अरुसंग मिलेर यसलाई तयार गर्न, तयारी प्रज्ञप्ती संक्षेपहरुलाई विभिन्न भाषामा रुपान्तरण गर्न र बृहत रुपमा बाँड्न सक्छ ।

प्रज्ञप्ती संक्षेप श्रृखलाहरु एशिया प्रशान्त क्षेत्रका मत्स्य केन्द्रहरुको संजाल (नाका) अन्तरगतको क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग (स्ट्रिम) ले तयार गरेको हो ।

## यि प्रज्ञप्तीहरू मैले कहाँबाट प्राप्त गर्न सक्छु ?

स्थानीय भाषामा तयार गरिएका प्रज्ञप्ती संक्षेपहरु स्ट्रिमका संचार व्यवस्थापकहरुबाट प्राप्त गर्न सकिन्छ । त्यसै गरी स्ट्रिमको क्षेत्रीय कार्यालय बैंकक थाइल्याण्डबाट पनि प्राप्त गर्न सकिन्छ । त्यसै गरी इन्टरनेटको http://www.streaminitiative.org/library/policyBrief/index.html बाट पनि प्राप्त गर्न सकिन्छ

## कुन कुन प्रज्ञप्ती संक्षेपहरू प्राप्त हुन सक्छन् ?

प्रज्ञप्ती संक्षेप नं.१ मतैक्य निर्माणः कृषकहरु, मछुवारहरु, स्थानीय जिल्ला, प्रान्तीय र केन्द्रीय तहका सरकारी र गैहसरकारी क्षेत्रका सरोकारवालाहरुको अनुभवमा आधारित रहेर तयार गरिएको हो । यसलाई तयार गर्न बेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग विभाग (डिफिड) ले संचालन गरेको प्राकृतिक श्रोत प्रणाली आयोजनाको मत्स्यपालन सेवामा गरीब निर्देशित नीतिगत सुधार अध्ययन कार्यक्रम, जुन मार्च २००२ देखि अप्रिल २००३ सम्म संचालित थियो, ले सहयोग गरेको हो । यो कार्यक्रम ग्रामिण जीविकोपार्जलाई सुधार गर्न मत्स्यपालन सेवाटेवा कार्यक्रमलाई बढी प्रभावकारी बनाउने तरीकाहरु पत्ता लगाउने, परीक्षण गर्ने र त्यसलाई प्रबर्द्धन गर्ने उद्देश्यले संचालित भएको थियो ।

प्रज्ञप्ती संक्षेप नं.२ मत्स्यपालन र जलचरमा जीविकोपार्जन पद्दतिः नीति परिवर्तन र नीति निर्माणमा सामान्य मानिसहरुको सहभागितामा सहमति विषयमा आधारित रहेको छ । यो विश्व खाद्य संगठनको प्राविधिक सहयोगमा संचालित आयोजना एशिया प्रशान्त क्षेत्रमा सुधारिएको जलचर व्यवस्थापनद्वारा गरीबी निवारण कार्यक्रमको जीविकोपार्जन विश्लेषण र जीविकोपार्जन पद्धतिमा काम गर्दाको अनुभवमा आधारित रहेर तयार गरिएको हो ।